२०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या : प्र.०७३।०७४

च.नं २१८६

मिति : २०७३।११।१७

विषय : सूचना टाँस गरी जानकारी पठाई दिने सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
श्री जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरी ।
श्री मालपोत कार्यालय, बर्दिवास ।
श्री नापी कार्यालय, बर्दिवास, महोत्तरी ।
श्री बर्दिवास अस्पताल, बर्दिवास, महोत्तरी ।
श्री ईलाका वन कार्यालय, बर्दिवास ।
श्री पशु सेवा केन्द्र/कृषि सेवा केन्द्र, बर्दिवास, महोत्तरी ।
श्री उद्योग वाणिज्य संघ, बर्दिवास ।
श्री बर्दिवास खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बर्दिवास ।

उपरोक्त सम्वन्धमा यस कार्यालय र द पब्लिक टुडे दैनिक पत्रिका समेतमा मिति २०७३/११/१७ गतेमा प्रकाशित तारपोल खरिद सम्वन्धि सूचना पाना-१ यसै साथ संलग्न राखी पठाईएको छ। प्राप्त भए पछि त्यस कार्यालयको सूचना पाँटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाई दिन हुन अनुरोध छ।

७३/११/१७

राम कुमार कार्की
कार्यकारी अधिकृत

# बर्दिवास नगरपालिका कार्यालय
## बर्दिवास, महोत्तरी

विजुली तार र पोल खरिद गर्ने सम्बन्धी सिल वन्दी दर भाउ पत्र आवह्वन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति ०७३/११/१७**

उपरोक्त विषयमा यस कार्यालयका लागि विजुलीको तार र पोल खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयवाट रु ३०० (फिर्ता नहुने गरी ) दस्तुर तिरी छुट्टा छुट्टै दरभाउ पत्र खरिद गरी तपसिल अनुसार खुलाई छुट्टा छुट्टै सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल**

१. सिलवन्दी दरभाउ पत्र साथ सामान आपूर्ति गर्ने फर्म संस्था,व्यक्तिले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपी ,पान नं./भ्याट नं.प्रतिलिपी, आ.व.०७२/७३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

२. सिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ :००बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। र सोही दिनको २:०० बजे उक्त सिलबन्दीहरु यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधी र ठेकेदारको रोहोवरमा खोलिने छ। तर ठेकेदार प्रतिनिधी नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन।

३. दरभाउ पत्र साथ आफुले कबुल गरेको मूल्यको (भ्याट सहीतको ) २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास वैंक बर्दिबास स्थित हि.नं. १००६३००७५१६०८०२२ (ग-३-३ ) धरौटीमा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकहरुले सो रकम बरावर यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको सक्कल विडवन्ड पेश गर्नु पर्नेछ।

४. दरभाउ पत्र सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त हुन नआएका शिलबन्दी उपर कुनै कार्यवाही हुने छैन।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको दरभाउ पत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन।

६. दरभाउ पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

७. दरभाउ पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट गरिने छ।

८. दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

९. उल्लेखित सेट खरिद गर्न स्वीकृत वार्षिक बजेट भन्दा बढि कबुल भइ आएमा सो सिलबन्दी दरभाउ पत्र आंशिक रुपमा पनि स्वीकृत गर्न सकिने छ।

१०. यस सम्बन्धी अन्य कुराहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुने छ। यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| दर भाउ पत्र नं. | कामको विवरण | परिमाण | कै |
|---|---|---|---|
| | | ७६थान | |
| १/०७३/०७४ | R.C.C. electric poles ( 8 m. long ) NP3 खरिद तथा ढुवानी कार्य | ७.५ कि.मि | |
| २/०७३/०७४ | Electric Conductor Cables (0.03 sq in) खरिद तथा ढुवानी कार्य | | |

राम कुमार ...
कार्यकारी अधिकृत